सुदूरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

## टीकापुर कैलाली

विद्युतीय बोलपत्र आवह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।१०।२३ गते

टीकापुर अस्पतालको लागि चालु आ.व. २०७९।०८० मा आवश्यक पर्ने निशुल्क अत्यावश्यकीय औषधिहरु,अस्पताल व्यवस्थापन समिति तथा आमा सुरक्षा कार्यक्रम तर्फ सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु तथा प्रयोगशाला रियजेन्ट्स किट्स,एक्स रे फिल्महरु,विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र,मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेका इच्छुक इजाजत प्राप्त सप्लायर्स,बिक्रेता,व्यवसायी हरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको विद्युतीय बोलपत्र आवह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।साथै विद्युतीय बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी (सूचनाको शर्तहरु) बोलपत्र साथ संलग्न राखिएको व्यहोरा सूचित गरिन्छ।

शर्तहरु :

१.विद्युतीय बोलपत्र तपसिलमा उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।साथै हार्ड कपिलाई स्वीकार गरिनेछैन।

२.इच्छुक बोलपत्रदाताले श्री राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको खाता नं.१०००२०००१००००(कार्यालय कोड नं. ३५००२७७०२७) राजश्व शिर्षक नं.१४२२९ मा रु.३०००।००(अक्षेरुपी तिन हजार) फिर्ता नहुने गरि जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ।

३.Upload भएका विद्युतीय बोलपत्रहरु ३१ औं दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि विद्युतीय बोलपत्र खोल्न बाधा पर्ने छैन।

४.बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट कार्यालय खुले पछि उक्त कार्य क्रमशः हुनेछ।

५.जमानत वाफतको रकम राष्ट्रिय वाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी कैलाली को हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कार्यालय कोड नं. ३५००२७७०२७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट १२० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ अनिवार्य पेश गर्नुपर्नेछ।

६.बोलपत्रदाताले कबोल गरेको दररेट (मु.अ.कर बाहेक) अंक र अक्षरमा केरमेट नगरी स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ। कतै केरमेट वा थपघट गर्नु पर्ने भएमा बुझिने गरि काटी सो काटिएको ठाउँमा दाँया बाँया आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ।साथै बोलपत्रको BOQ को प्रत्येक पानामा फर्मको छाप एवं आधिकारिक व्यक्ति दस्तखत भएको हुनुपर्नेछ।

७. सबै खालको करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।कुनै पनि कर वाफत तिरेको रकमको शोधभर्ना यस कार्यालयबाट दिइने छैन।

८. प्रत्येक बोलपत्रदाताले विद्युतीय बोलपत्र फारममा उल्लेखित शर्तहरुको पालना पूर्णरुपले गर्नुपर्नेछ।

९.आपूर्ति गरिने नि:शुल्क औषधिहरु,सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु,एक्स रे फिल्महरु तथा प्रयोगशाला रियजेंट्स किटहरुको म्याद आपूर्ति गरेको मितिले कम्तिमा पनि ७५ प्रतिशत शेल्फ अवधि कायम रहेको हुनुपर्नेछ।साथै उक्त नि:शुल्क

नि.प्र.मेडिकल सुपरिन्टेन्डेण्ट

औषधिहरु, सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु,एक्स रे फिल्महरु तथा प्रयोगशाला रियजेंट्स किटहरु आपुर्तिकर्ताले अस्पतालको स्टोरसम्म ढुवानी गर्नुपर्नेछ।सो ढुवानी वाफतको भाडा रकम दिइने छैन।

१०. रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।

११. खरिद गर्नुपर्ने निःशुल्क औषधिहरु,सर्जिकल एवं डेन्टल सामानहरु ,औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरु पुरै वा आइटम वाइज स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित हुनेछ।साथै बोलपत्रमा उल्लेख भएका सर्जिकल एवं डेन्टल सामानहरु , औषधिहरु,एक्स रे फिल्महरु तथा प्रयोगशाला रियजेंट्स किटहरुको परिमाणमा यस अस्पतालको बजेट कार्यक्रम अनुसार थपघट हुन सक्नेछन।मु. अ. कर लाग्ने भएमा पेश गरेको दरमा उक्त कर समावेश गरेको वा नगरेको व्यहोरा उल्लेख गर्नुपर्नेछ।

१२.निःशुल्क औषधिको हकमा प्याकेज वाइज तथा अस्पताल व्यवस्थापन समिति एवं आमा सुरक्षा कार्यक्रम तर्फका औषधिहरु,सर्जिकल सामानहरु,प्रयोगशाला रियजेंट्स किटहरु, एक्स रे फिल्म हरुको हकमा आइटम वाइज खरिद गरिनेछ।

१३. बोलपत्रदाताले उपलब्ध गराउने औषधिहरु WHO/GMP Certified र सर्जिकल सामान तथा प्रयोगशाला रियजेंट्स किटहरुको हकमा ISO Certified प्रमाणित कागजातहरु पेश गर्नुपर्नेछ।

१४.बोलपत्रदाताले खरिद प्रक्रियामा भाग लिन अयोग्य नभएको ,प्रस्ताबित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको वित्तीय सस्थाहरुद्वारा कालो सुचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।त्यस्तो स्व घोषणा पत्र सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ।

१५. बोलपत्रको मूल्यांकन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना सामानहरु माग गरि सो को आधारमा मूल्यांकन गर्न सक्नेछ।

१६. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सबै खालको अधिकार यस कार्यालयमा निहित हुनेछ।

१८. गैर स्थानीय बोलपत्र दाताले स्थानीय एजेन्टको व्यवस्था गर्नु पर्नेछ ।साथै बोलपत्र दाताले आधिकारिक इमेल,मोबाइल नं. उल्लेख गर्नुपर्नेछ।

१९.बोलपत्र दाताले कबोल गरेको आइटम वा प्याकेज वाइज सामानहरु तोकिएको परिमाण तथा मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा उक्त सामानहरु बजारबाट सिधै खरिद गरिनेछ।यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख भएको मूल्य भन्दा बढि पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुलउपर गरिनेछ।

२०.सम्झौता गरि सामानहरु सप्लाई नगर्ने फर्मलाई नियमानुसारको कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस सहित लेखि पठाइनेछ।

२१. यस सूचनामा उल्लेख हुन छुट भएका बुदाहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

तपसिल :

| सि. नं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा समय | बोलपत्र खुल्ने दि तथा समय |
|---|---|---|---|---|---|---|
| 1 | TH/Kailali/NCB/Goods/13/2079-080 | Supply and Delivery of Laboratory reagents, | 270000.00 | 3000.00 | 09-03-2023 (2079-11-25) | 09-03-2023 (2079-11-25) |

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय टीकापुर अस्पताल टीकापुर, कैलाली

नि.प्र.मेडिकल सुपरिन्टेन्डेण्ट

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Kits and others | | | 12.00 | 14.00 |
| 2 | TH/Kailali/NCB/Goods/14/2079-080 | Supply and Delivery of Surgical & Dental Items | 180000.00 | 3000.00 | 09-03-2023 (2079-11-25) 12.00 | 09-03-2023 (2079-11-25) 14.00 |
| 3 | TH/Kailali/NCB/Goods/15/2079-080 | Supply and Delivery of Medicines | 146000.00 | 3000.00 | 09-03-2023 (2079-11-25) 12.00 | 09-03-2023 (2079-11-25) 14.00 |
| 4 | TH/Kailali/NCB/Goods/16/2079-080 | Supply and Delivery of Free Medicines | 40000.00 | 3000.00 | 09-03-2023 (2079-11-25) 12.00 | 09-03-2023 (2079-11-25) 14.00 |

पश्चिम प्रदेश सरकार
विकास मन्त्रालय
निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली

नि.प्र.मेडिकल सुपरिन्टेन्डेण्ट